# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETINS

**BROADCAST 18.40HRS** **DATE:17.07.2024**

- **RC Poudyal Died**

पूर्व मन्त्री तथा झुल्के घाम पार्टीका नेता रामचन्द्र पौड्याल अब हामीमाझ हुनुहुन्न। सिक्किम विधानसभाका पूर्व उपाध्यक्ष पनि रहनुभएका स्वर्गीय पौजड्याल पाकिम जिल्लाअन्तर्गत नामचेबुङ निर्वाचन क्षेत्रको छोटा सिङतामस्थित आफ्नो नीजि निवासबाट सात जुलाईदेखि बेपत्ता हुनुहुन्थ्यो। सिक्किमका पहिलो वन मन्त्री एवं वरिष्ठ नेताको शव खोजी एवं राहत टोलीले फेला पारेर पुख्र्यौली घर छोटा सिङताम ल्याइपुऱ्याएपछि आज रानीपुलस्थित घाटमा अन्तिम संस्कार गरियो। उहाँको निधानमा राज्यपाल श्री लक्ष्मणप्रसाद आचार्य तथा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले शोक व्यक्त गर्दै श्रद्धाञ्जली अर्पण गर्नुभएको छ। राज्यपालले प्रतिष्ठित राजनीतिज्ञ स्वर्गीय पौड्यालको आत्मा शान्तिको कामना गर्दै शोकाकूल परिवारप्रति समवेदना व्यक्त गर्नुभएको छ। यसरी नै मुख्यमन्त्री श्री तामाङले आज बिहान स्वर्गीय पौड्यालको निवास छोटा सिङताममा पुगेर उहाँलाई अन्तिम विदाई दिनुभयो। पछि उहाँको शव यात्रामा सहभागी बन्नुभएका मुख्यमन्त्रीले भन्नुभएको छ, पूर्व मन्त्री तथा वरिष्ठ राजनीतिज्ञ स्वर्गीय पौड्यालले सिक्किम सरकारका विभिन्न पदमा सेवा पुऱ्याउनुभएको थियो। पूर्व मुख्यमन्त्री तथा सिक्किम प्रजातान्त्रिक मोर्चा पार्टी अध्यक्ष श्री पवन चामलिङले पनि उहाँको निधनमा शोक प्रकट गर्नुभएको छ। पूर्व मुख्यमन्त्रीले भन्नुभएको छ, RC पौड्यालको नामले प्रख्यात उहाँले सत्तरीको दशकमा सिक्किमको प्रजातान्त्रिक आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो। श्री चामलिङले 1974-मा उहाँ सिक्किम कंग्रेस पार्टीबाट तत्कालिन पाचेखानी समष्टिका निर्वाचित विधायक बन्नका साथै  1975 देखि 1977-सम्म सिक्किम विधानसभाका उपाध्यक्ष अनि पछि वन तथा भू-राजस्व विभागका पहिलो मन्त्री बन्नुभएको बताउनुभएको छ।

----------------------------------------X----------------------------------------

- **CM Condolence**

यसैक्रममा मुख्यमन्त्री श्री तामाङले जम्मू-कश्मीरको डोडा जिल्लामा आतङ्कवादीहरूसँग भएको भिडन्तमा शहीद बनेका क्याप्टेन बृजेश थापासहित अन्य सबैप्रति पनि गहीरो शोक व्यक्त गर्नुभएको छ। अवगत गराइन्छ, डोडा जिल्लामा सोमवार राति भएको कारबाहीको क्रममा आतङ्कवादीहरूले सेनामाथि गरेको आक्रमणमा दार्जीलिङको बडा गिङ निवासी सत्ताइस वर्षीय थापासहित चारजना सेनाका जवान शहीद भएका छन्। कप्तान थापा राष्ट्रको निम्ति बलिदान दिने अमर भारतीयहरूको सेनामा सामेल भएका छन् भन्दै श्री तामाङले दुःखको यस घडीमा शोकाकुल परिवारप्रति समवेदना व्यक्त गर्नुभएको छ।

----------------------------------------X----------------------------------------

- **CM Message**

मख्यमन्त्री श्री प्रेमसिंह तामाङले प्रेस क्लब अफ सिक्किमलाई बाहीसौं स्थापना दिवसको अवसरमा बधाई दिनुभएको छ। उहाँले आफ्नो आधिकारिक शोसल मिडिया पोस्टमार्फत क्लबसित सम्बन्धित सबैको समर्पण र लगनशीलताको प्रशंसा गर्दै उनीहरूको एकता, परिश्रम र पत्रकारिताको इमान्दारीप्रति अटल प्रतिबद्धताले अरूका निम्ति एउटा उदाहरण पेस गरेको बताउनुभएको छ।

---------------------------------------X---------------------------------------

- **Rankey Mela**

सिक्किम विधानसभा उपाध्यक्ष एवं विधायक श्रीमती राजकुमारी थापा नाम्ची जिल्ला मुख्यालयस्थित किसान मार्केटमा सम्पन्न भइरहेको राँके मेलाको दोस्रो दिन आज सहभागी बन्नुभयो। यसअघि बिहान नाम्चीकी जिल्लाधीश श्रीमती अनुपा तामलिङले राँके मेलाको एक भागको रूपमा आयोजित राज्य स्तरीय पुरूष वर्गको खुल्ला म्याराथन र वरिष्ठ नागरिक वकाथनको शुभारम्भ गर्नुभयो। नाम्ची जिल्ला प्रशासन र राँके मेला आयोजक समितिसितको सहकार्यमा पालन गरिएको प्रतियोगिताको उद्देश्य राज्यवासीको जीवनशैलीमा विकास गर्नु रहेको थियो।

- **Shiksha Shapta**

राष्ट्रिय शिक्षा नीति (NEP) 2020 शुरू भएको चौथो वर्षगाँठको अवसरलाई राज्यका सबै विद्यालयहरूमा शिक्षा सप्ताहको रूपमा पालन गरिनेछ। यसै महिनाको बाहीसदेखि अट्ठाइस तारिकसम्म पालन गरिने सप्ताहव्यापी समारोहमा अध्यापन अध्ययन सामग्री दिवस, आधारभूत साक्षरता र संख्यात्मकता दिवस, खेलकुद दिवस, सांस्कृतिक दिवस, कौशल तथा डिजिटल पहल दिवस, जीवनको अभियान/विद्यालय पोषणका लागि इको क्लब दिवस अनि सामुदायिक सहभागिता दिवस जस्ता कार्यक्रम समावेश गरिनेछ। यसअतिरिक्त जिल्ला शिक्षा तथा प्रशिक्षण संस्थान (DIET) र राज्य शैक्षणिक अनुसन्धान तथा प्रशिक्षण परिषद (SCERT)-ले जिल्ला र राज्य स्तरमा विभिन्न कार्यक्रम आयोजन गर्नेछ। शिक्षाको क्षेत्रमा शिक्षार्थी, शिक्षाविद्, नीति निर्माता र हितधारकहरूबीच सहकार्यको भावनालाई प्राथमिकता दिने लक्ष्य राखेको समारोहमा प्रदर्शनी, गोष्ठी, परम्परागत खेलकुद, सांस्कृतिक कार्यक्रम, तिथी भोज र वृक्षारोपण आदि जस्ता कार्यक्रम आयोजना गरिने छ।

---------------------------------------X---------------------------------------

- **Soreng ID Meeting**

सोरेङमा पालन गरिने जिल्ला स्तरीय अठतरौं स्वतन्त्रता दिवस समारोहलाई लिएर तयारी बैठक आज यहाँको जिल्ला प्रशासनिक केन्द्रस्थित सम्मेलन कक्षमा बस्यो। सोरेङकी जिल्ला पञ्चायत अध्यक्ष श्रीमती तिलादेवी गुरुङको अध्यक्षतामा बसेको बैठकमा जिल्लाधीश श्री धिरज सुवेदी, पुलिस अधीक्षक श्री नहकुल प्रधान लगायत अन्य उपस्थित हुनुहुन्थ्यो। जिल्लाधीश श्री सुवेदीले भानु जयन्ती कार्यक्रमलाई सफलता तुल्याउने सबैप्रति कृतज्ञता व्यक्त गर्दै स्वतन्त्रता दिवसलाई सफल तुल्याउनमा पनि सबैको उत्साहजनक सहभागिता रहने आशा व्यक्त गर्नुभयो। उहाँले यस वर्ष जिल्ला प्रशासनले नशा मुक्त भारत अभियान कार्यक्रम, बाइक राइड, सरसफाइ, एउटा रुख आमाको नामअन्तर्गत वृक्षारोपण जस्ता कार्यक्रम शामेल गरिने बताउँदै यसलाई सफल बनाउन सबैलाई अपिल गर्नुभएको छ। बैठकमा कार्यक्रमको तयारीलाई लिएर विभिन्न विषयमाथि पनि चर्चा भयो। सोरेङ जिल्ला प्रशासन र सिङलिङ स्पोर्टिङ क्लबको सहकार्यमा सम्पन्न हुने स्वतन्त्रता दिवसको मुख्य आकर्षण खुल्ला फुटबल प्रतियोगितामा सोल्हवटा चर्चित दलले अंशग्रहण गर्नेछन्। प्रतियोगिताको निम्ति आज नै खेल तालिका (फिक्चर) सार्वजनिक गरिएको छ, जसअन्तर्गत पहिलो खेल 30 जुलाईमा खेलिनेछ।

---------------------------------------X---------------------------------------